# डुमरवाना बहुमुखी क्याम्पस

जीतपुरसिमरा उपमहानगरपालिका-१५ डुमरवाना, बारा

## विधान-२०६३

(पहिलो संशोधन-२०६५/११/२३)

(दोश्रो संशोधन - २०६७/११/२५)

(तेश्रो संशोधन - २०६८/०२/२८)

## परिमार्जन तथा पुनर्लेखन २०७१ - २०७१/१०/२७

(चौथो संशोधन - २०७२/१०/२१)

(पाँचौ संशोधन - २०७५/०२/२२)

(छैठों संशोधन - २०७५/११/२४)

# डुमरवाना बहुमुखी क्याम्पस
# [1]जीतपुरसिमरा उपमहानगरपालिका-१५, बाराको
# विधान- २०६३

**(परिमार्जन तथा पुनर्लेखन २०७१)**

छैठौं संसोधन २०७५ फागुन २४

**प्रस्तावनाः**

शिक्षाको विकासमा सामुदायिक क्षेत्रबाट योगदान पुऱ्याउने अवसरको उपयोग गर्दै सबै प्रकारका दक्ष शैक्षिक जनशक्ति उत्पादनको आवश्यकतालाई महशुस गरी आधुनिक, वैज्ञानिक तथा सर्वसुलभ र गुणस्तरीय शिक्षा आम जनसमुदायको आर्थिक पहुंच पुऱ्याउने उद्देश्य राखी स्थानीय समुदायको सहयोग तथा व्यवस्थापनमा सामुदायिक क्याम्पसको रुपमा त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरी सामाजिक शैक्षिक उन्नति तथा मानविय पूंजी निर्माणमा विशुद्ध मुनाफा रहित ढंगले (गैर नाफा मूलक संस्थाको रुपमा) डुमरवाना बहुमुखी क्याम्पस स्थापना गरी सुव्यवस्थित सञ्चालनको लागि यो विधान तर्जुमा गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ**

क) यस विधानको नाम डुमरवाना बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापन सम्वन्धी विधान-२०६३" (परिमार्जन तथा पुनर्लेखन २०७१) रहेको छ ।

ख) यो विधान सञ्चालक समितिवाट पारित भएको मितिदेखि लागु हुनेछ भने लागु भएपछि यस विधानको दफा ७ अनुसार गठन हुने क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२) **परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा**

क) 'विधान भन्नाले "डुमरवाना बहुमुखी क्याम्पस सञ्चालक तथा व्यवस्थापन सम्वन्धी विधान २०६३" लाई सम्झनु पदर्छ ।

ख) 'क्याम्पस' भन्नाले डुमरवाना बहुमुखी क्याम्पसलाई सम्झनु पर्दछ ।

ग) 'सभा' भन्नाले विधानको दफा ७ बमोजिम गठन हुने क्याम्पस सभालाई सम्झनु पर्दछ ।

घ) 'नियमावली' भन्नले यस विधानको अधीनमा रही तर्जुमा गरिने नियमावलीहरुलाई सम्झनु पर्दछ ।

ङ) "सञ्चालक समिति" भन्नाले विधानको दफा १० बमोजिम गठन हुने क्याम्पस सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

च) 'सल्लाहकार समिति' भन्नाले विधानको दफा १३ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

छ) 'क्याम्पस प्रमुख' भन्नाले क्याम्पसको शैक्षिक एवम् प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

ज) 'क्याम्पस सेवा समिति' भन्नाले विधानको दफा १५ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

झ) "अध्यक्ष" भन्नाले क्याम्पस सञ्चालक समितिको सन्दर्भमा सो समितिको अध्यक्षलाई सम्झनु पर्दछ र सो शब्दले क्याम्पस सभाको सन्दर्भमा सो सभाको अध्यक्ष, क्याम्पस सेवा समितिको सम्वन्धमा सो समितिको अध्यक्ष र प्राज्ञिक समिति, कार्यान्वयन समितिको सन्दर्भमा क्याम्पस प्रमुखसमेतलाई जनाउनेछ ।

ञ) "प्राज्ञिक समिति" भन्नाले विधानको दफा १७ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

---

१

ट) "कार्यान्वयन समिति" भन्नाले विधानको दफा १९ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

ठ) "सहायक क्याम्पस प्रमुख" भन्नाले क्याम्पसको सहायक क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

ड) 'विभागीय प्रमुख' भन्नाले विधानको दफा ३० बमोजिम क्याम्पसको पठनपाठनसंग सम्वन्धित विषयगत विभागीय प्रमुखलाई सम्झनु पर्दछ ।

ढ) 'कार्यक्रम संयोजक' भन्नाले क्याम्पसमा संचालित शैक्षिक कार्यक्रमलाई हेर्ने गरी विधानको दफा ३२ बमोजिम नियुक्त 'कार्यक्रम संयोजक' सम्झनु पर्दछ ।

ण) 'शिक्षक' भन्नाले स्थायी, अस्थायी, कोर्स कन्ट्रयाक्ट, करार र आंशिक रुपमा यस क्याम्पसमा शिक्षण सेवामा कार्यरत विधानको दफा (क) बमोजिम सबै तहका प्राध्यापक/शिक्षकहरुलाई सम्झनु पर्दछ ।

त) 'कर्मचारी' भन्नाले यस क्याम्पसमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारीमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

थ) 'वैठक' भन्नाले क्याम्पस सभा, सञ्चालक समिति र यस विधान अनुरुप गठन भएका समिति एवम् उप समितिको वैठकलाई सम्झनु पर्दछ ।

द) 'सदस्य' भन्नाले क्याम्पस सभा, क्याम्पस सञ्चालक समिति, सल्लाहकार समिति, कार्यान्वयन समिति, प्राज्ञिक समिति, क्याम्पस सेवा समिति लगायतका यस विधान अनुरुप गठन हुने अन्य समिति तथा उप समितिका सदस्यहरु समेतलाई जनाउनेछ ।

## परिच्छेद- २

३) **क्याम्पसका उद्देश्यहरु देहाय बमोजिम हुनेछन**

क) प्रचलित ऐन नियमको अधिनमा रही स्थापित विश्वविद्यालय वा शैक्षिक संस्थाहरुसंग सम्बन्धन प्राप्त गरी स्थानीय आवश्यक्ताको आधारमा उच्च माध्यमिक शिक्षा तथा महाविद्यालय शिक्षाका (सैद्धान्तिक तथा प्राविधिक) विभिन्न संकाय, संस्थान वा विषयका तहगत कक्षाहरु सञ्चालन गर्ने ।

ख) प्रचलित ऐन नियमको अधिनमा रही स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरु संग सम्बन्ध कायम गर्ने र आर्थिक तथा अन्य सहयोग आदान प्रदान गर्ने ।

ग) क्याम्पसलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

घ) विश्वविद्यालय वा देशको प्रचलित ऐन नियम अनुरुप गठित स्वायत्त शैक्षिक संस्थाहरुसंग सम्बन्धन प्राप्त गरी सैद्धान्तिक तथा प्राविधिक शिक्षाका निर्धारित पाठ्यक्रमहरुको शिक्षण गराउने ।

ङ) अनुशासित, स्तरीय, दक्ष र देशभक्त नागरिकहरुको उत्पादन गर्ने ।

च) विद्यार्थीहरुमा स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास गराई युगानुकुल सक्षम जनशक्तिको विकास गर्ने ।

छ) क्याम्पसलाई यस क्षेत्रकै विशुद्ध मुनाफा रहित (गैर नाफा मूलक) सार्वजनिक शैक्षिक नेतृत्वदायी संस्थाको रुपमा विकास गर्ने ।

ज) क्याम्पसको व्यवस्थापनमा हरेक क्षेत्रको प्रतिनिधित्व गराई साझा सामाजिक प्रतिष्ठानको रुपमा क्याम्पसलाई अगाडि बढाउने ।

झ) शिक्षक एवम् कर्मचारीहरुलाई तालीम तथा अध्ययन अनुसन्धानमा सहभागी गराई क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यलाई सशक्त र प्रभावकारी बनाउने ।

ञ) क्याम्पसको विकास गर्दै लगी क्याम्पसलाई आंगिक क्याम्पस र विश्वविद्यालयको रुपमा विकास गर्ने

ट) क्याम्पस अन्तर्गत विभिन्न खेलकुद तथा कल्याणकारी कार्यक्रमको व्यवस्था र सञ्चालन गर्ने ।

ठ) छात्रवृत्ति, पदक, सम्मान तथा पुरस्कारहरु प्रदान गर्ने व्यवस्था गर्ने ।

४) **क्याम्पसको प्रशासनिक कार्यालय रहने स्थान**

क) क्याम्पसको प्रशासनिक कार्यालय बारा जिल्ला [२]जीतपुरसिमरा उपमहानगरापलिका वडा नं. १५ अन्तर्गत क्याम्पसको हाताभित्र रहने छ ।

ख) क्याम्पसको कार्यक्षेत्र विस्तारसंगै आवश्यक्ताको आधारमा अन्य स्थानमा पनि सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ ।

५) **क्याम्पस स्वशासित संस्था हुने**

क) क्याम्पस अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

ख) क्याम्पसको सम्पूर्ण काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । जसको नमूना अनुसूचि- १ मा दिइएको छ ।

ग) यस क्याम्पसको संगठन तालिका अनुसूचि- २ वमोजिम हुनेछ ।

घ) क्याम्पसले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

ङ) क्याम्पसले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र क्याम्पसउपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद- ३

### क्याम्पस संगठनको स्वरुप, पदाधिकारी र सञ्चालक समिति

६) **क्याम्पसको संगठनः क्याम्पसको संगठन देहाय वमोजिम हुनेछ**

क) क्याम्पस सभा

ख) सञ्चालक समिति

ग) संरक्षक/ सल्लाहकार समिति

घ) क्याम्पस प्रमुख

ङ) क्याम्पस सेवा समिति

च) प्राज्ञिक समिति

छ) कार्यान्वयन समिति

७) **क्याम्पस सभा**

क) [३]क्याम्पसको सर्वोच्च निकायको रुपमा समाजका हरेक क्षेत्रको प्रतिनिधित्व हुने गरी बढीमा ९९ सदस्यीय एक क्याम्पस सभाको गठन हुनेछ । क्याम्पस सभाका लागि पदेन सदस्य बाहेकका रिक्त अन्य सदस्यहरुको मनोनयन विद्यमान क्याम्पस सञ्चालक समितिले गर्नेछ ।

ख) क्याम्पस सभामा देहाय वमोजिमको प्रतिनिधित्व हुनेछः

१) सम्वन्धित क्षेत्रका केन्द्रीय तथा प्रादेशिक संसदका माननीय सांसदहरु- पदेन सदस्य

२) [४]जिल्ला समन्वय समितिका प्रमुख वा कार्यालय प्रमुख - "

३) [५] ***************************************

४) नगर प्रमुख, [६]जीतपुरसिमरा उपमहानगरपालिका- "

---

[२] राज्यको पूनरसंरचनाको कारण - पाँचौ संशोधनद्वारा संशोधित

[३] क्याम्पसको आवश्यक्ता महशुस भएकोले - पाँचौं संशोधनद्वारा संशोधित ।

[४] राज्यको पूनरसंरचनाको कारण - छैठौं संशोधनद्वारा संशोधित

[५] राज्यको पूनरसंरचनाको कारण - छैठौं संशोधनद्वारा [illegible]

५) प्रमुख जिल्ला अधिकारी वा तोकिएको प्रशासकीय अधिकृत- "

६) [7]जिल्ला शिक्षा समन्वय ईकाई प्रमुख- "

७) प्रमुख, सम्वन्धित ईलाका प्रहरी कार्यालय- "

८) नगर क्षेत्रभित्रका सरकारी कार्यालय प्रमुखहरु- (तीन जना) "

९) अध्यक्ष, [8]जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघ [9](हाल उद्योग बाणिज्य संघ सिमरा)- "

१०) प्रभावक्षेत्रका उद्योग प्रतिष्ठानका प्रतिनिधि [10]एवम् उद्योगी व्यवसायीहरु (पांच जना)- "

११) प्राध्यापक तथा [11]कर्मचारी प्रतिनिधि प्रतिनिधि- २ "

१२) सहायक क्याम्पस प्रमुखहरु- "

१३) [12]क्याम्पसको अतिरिक्त कृयाकलाप प्रमुख (ECA प्रमुख) - "

१४) सभापति, नेपाल पत्रकार महासंघ बारा- "

१५) अध्यक्ष, नेपाल बार एसोसिएशन बारा जिल्ला इकाई वा तोकिएको पदाधिकारी- "

१६) [13]क्याम्पस् अवस्थित वडाको वडा अध्यक्ष- "

१७) क्याम्पस अवस्थित क्षेत्रभित्रका सहकारी तथा अन्यसंघसंस्थाका अध्यक्षहरुमध्ये-(पांच जना) "

१८) [14]क्याम्पस अवस्थित क्षेत्रभित्रका वडा अध्यक्षहरुमध्ये - (६-८ जना) सम्म "

१९) [15]सेवा क्षेत्रका प्रदेश सभा सदस्य- "

२०) पछिल्लो आमनिर्वाचनमा क्षेत्रमा मतका आधारमा पांचौं स्थानसम्म मत हासिल गरेका राजनीतिक दलका प्रतिनिधिहरु (१-१ जना)- "

२१) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुमध्येबाट (दुई जना)- "

२२) क्याम्पस प्रभाव क्षेत्रभित्रका उमाविहरुको अध्यक्षहरुमध्ये (तीन जना)- "

२३) क्याम्पस प्रभाव क्षेत्रभित्रका उमाविहरुको प्राचार्यहरुमध्ये (तीन जना)- "

२४) पिछडिएका जनजाति, दलित तथा उत्पीडित जाति र अपाङ्गको प्रतिनिधित्व हुने गरी मनोनित (छ जना)- "

२५) महिला वर्गको प्रतिनिधित्वका लागि समाजमा विशिष्टता हासिल गरेका महिलाहरु मध्येबाट (पांच जना)- "

२६) समाजका विविध क्षेत्रको प्रतिनिधित्व गर्ने गण्यमान्य समाजसेवी, वुद्धिजिवी शिक्षाप्रेमीहरुमध्येबाट (पांच जना)- "

२७) क्याम्पस अवस्थित क्षेत्रभित्रका सञ्चार संस्थाका प्रतिनिधि वा सञ्चारकर्मी (दुई जना)- "

२८) क्याम्पसलाई आर्थिक रुपमा सहयोग गर्ने संस्था वा व्यक्तिहरुमध्येबाट (तीन जना)- "

२९) त्रिभुवन विश्वविद्यालय प्रतिनिधि- "

३०) क्याम्पस सल्लाहकार समितिका सभापति- "

३१) क्याम्पसका संकाय वा विङ प्रमुखहरु (बढीमा तीन जना)- "

३२) अध्ययनरत विद्यार्थीहरुको अभिभावकहरुमध्येबाट (तीन जना)- "

---

[6] राज्यको पूनरसंरचनाको कारण - पाँचौ संशोधनद्वारा संशोधित

[7] राज्यको पूनरसंरचनाको कारण - छैठौं संशोधनद्वारा संशोधित

[8] राज्यको पूनरसंरचनाको कारण - पाँचौ संशोधनद्वारा संशोधित

[9] आवश्यकता र क्याम्पस सभामा पर्याप्त र गुणात्मक प्रतिनिधित्वको सुनिश्चितताको लागि-चौथो संशोधनद्वारा संशोधित

[10] आवश्यकता र क्याम्पस सभामा पर्याप्त र गुणात्मक प्रतिनिधित्वको सुनिश्चितताको लागि-चौथो संशोधनद्वारा संशोधित ।

[11] आवश्यकता र क्याम्पस सभामा पर्याप्त र गुणात्मक प्रतिनिधित्वको सुनिश्चितताको लागि-चौथो संशोधनद्वारा संशोधित ।

[12] निवर्तमान अध्यक्ष हाल नभएकोले ।

[13] निर्वाचित प्रतिनिधि आईसकेकोले - छैठौं संशोधनद्वारा संशोधित

[14] आवश्यकता अनुसार - पाँचौ संशोधनद्वारा संशोधित ।

[15]

३३)　क्याम्पस सञ्चालक समितिले आवश्यक ठानेका उपरोक्त क्षेत्रमा नपरेका संघसंस्था वा नागरिक समाजका प्रतिनिधि वा व्यक्तित्वहरु (बढीमा [१६]नौं जना)　"

३४)　[१७]क्याम्पस सभासदमा नसमेटिएका सञ्चालक सदस्यहरु -　सदस्य

ग)　क्याम्पस सभाको वैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ तर विशेष परिस्थिति पर्न गएमा वा सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्य संख्याले लिखित रुपमा मांग गरेमा क्याम्पस सञ्चालक समितिको अध्यक्षसमक्ष पेश भएपछि अध्यक्षले कुनै पनि समयमा सभाको विशेष वैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिन सक्नेछ ।

घ)　क्याम्पस सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछन र निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि नभए वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन ।

ङ)　क्याम्पस सभाको सदस्य सचिवमा क्याम्पस प्रमुख रहनेछ ।

च)　क्याम्पस सभाको सञ्चालक क्याम्पस प्रमुख वा निजले तोकेको व्यक्तिले गर्नेछ ।

छ)　क्याम्पस सभाले कुनै पनि विषयका सम्वन्धमा निर्णय गर्दा गणपूरक सदस्य संख्याको बहुमतबाट गर्नेछ ।

ज)　क्याम्पस सभाको वैठकका लागि सम्पूर्ण सदस्य संख्याको सामान्य (५१% प्रतिशत) बहुमतलाई गणपुरक संख्या मानिने छ । तर पहिलो पटक बोलाएको वैठक गणपुरक संख्याको आधारमा बस्न नसकेको अवस्थामा दोस्रो पटकको लागि ३५ प्रतिशत सदस्य संख्यालाई पनि गणपुरक संख्या मानी वैठक बस्न सक्नेछ । दोस्रो पटक बोलाएको वैठक गणपूरक संख्याको आधारमा बस्न नसकेको अवस्थामा तेस्रो पटकको लागि उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानी वैठक बस्न सक्नेछ ।

(झ)　क्याम्पस सभाका पदेन सदस्यहरु बाहेकका अन्य पदाधिकारीहरुको कार्यकाल ३ (तीन) वर्षको हुनेछ

(ञ)　क्याम्पस सभासम्वन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए अनुसार हुनेछ ।

८)　**क्याम्पस सभाको काम, कर्तव्य र अधिकार**

क)　सञ्चालक समितिको अवधि पुगेको हकमा विधान बमोजिम गठन हुने क्याम्पस सञ्चालक समितिका पदेन सदस्यहरुबाहेक अध्यक्षसहित ९ (नौ) जना सदस्यहरु चयन गर्ने ।

ख)　निर्वाचन समितिद्वारा प्रस्तुत निर्वाचन कार्यक्रम स्वीकृत गर्ने ।

ग)　विधान र विधान अनुरुप बन्ने नियमावली एवम् निर्देशिकाहरु स्वीकृत गर्ने ।

घ)　विधान र विधान अनुरुप बनेका नियमावलीहरु समयानुकुल संशोधन र परिमार्जन गर्ने ।

ङ)　क्याम्पसको वार्षिक, आर्थिक र अन्य प्रतिवेदनहरु पारीत गर्ने ।

च　क्याम्पसको लागि दीर्घकालीन तथा रणनीतिक योजनाहरु तर्जुमा गराई स्वीकृत गर्ने ।

छ)　क्याम्पसको अनुमानित वार्षिक बजेट पारीत गर्ने ।

ज)　क्याम्पसको लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदनहरु पारीत गर्ने ।

झ)　क्याम्पसको उन्नयन र विकासका लागि आवश्यक सबै कार्यहरु गर्ने ।

ञ)　लेखापरीक्षण प्रतिवेदनबाट औंल्याइएका बेरुजुहरु नियमित गर्न मिल्नेमा नियमित गर्ने र असुल उपर गर्नु पर्ने भए असुल उपर गर्न निर्देशन दिने ।

ट)　क्याम्पसको चल अचल सम्पत्ति बेचबिखन गर्ने, खरिद गर्ने, ऋण लिने, लाभदायक ऋण सापटी दिने । यसका लागि सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय हुनुपर्ने ।

---

[१६] आवश्यकता र क्याम्पस सभामा पर्याप्त र गुणात्मक प्रतिनिधित्वको सुनिश्चितताको लागि चौथो संशोधनद्वारा संशोधित ।

[१७] अपरिहार्यताका कारण-छैठौं संशोधनद्वारा संशोधित ।

ठ) आवश्यकता हेरी जिन्सी सामाग्री मिनाहा र बेचबिखन अनुमोदन गर्ने ।

ड) सञ्चालक समितिद्वारा प्रस्तुत क्याम्पसको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी अनुमोदन गर्ने

ढ) क्याम्पसको हितका लागि अन्य कार्यहरु गर्ने ।

## ९) संरक्षक सम्वन्धी व्यवस्था

क्याम्पसको सर्वाङ्गीण हित र संरक्षकत्वका लागि तपसिल बमोजिम क्याम्पसको संरक्षक रहने व्यवस्था गरिएको छः

क) सम्वन्धित क्षेत्रका केन्द्रीय तथा प्रादेशिक सभाका माननीय सांसदहरु

ख) [१८]जिल्ला समन्वय समिति प्रमुख

ग) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय

घ) हाललाई रु. पच्चीस लाख रुपैयांभन्दा माथि योगदान गर्ने व्यक्ति वा संस्था

ङ) क्याम्पस सञ्चालक समितिले आवश्यक ठानेका विशिष्ट व्यक्तित्व वा संस्थाहरु

[१९]च) नगर प्रमुख-जीतपुरसिमरा उपमहानगरपालिका

उपदफा (ङ) बमोजिम मनोनित संरक्षकहरु सञ्चालक समिति अवधिभर हुनेछन । निजहरुको पुनः मनोनयन हुनसक्नेछ ।

क्याम्पसका संरक्षकहरुले क्याम्पसको हितका लागि अभिभावकीय भूमिका प्रदान गनेछन । क्याम्पस सभा र सञ्चालक समितिलाई आवश्यक सुझाव र मार्गदर्शन दिन सक्नेछन ।

## १०) <u>क्याम्पस सञ्चालक समिति</u>

[२०]क) क्याम्पसको दैनिक प्रशासन तथा अन्य कार्यहरुको रेखदेख, सुपरीवेक्षण, नीति निर्माण तथा क्याम्पसको भौतिक र शैक्षिक विकास सम्वन्धी कार्य गर्न र गराउन सभाको कार्यान्वयन निकायको रुपमा [द्ग]१९ सदस्यीय क्याम्पस सञ्चालक समिति रहने छ । सञ्चालक समिति पूर्ण रुपमा क्याम्पस सभाप्रति जवाफदेही हुनेछ ।

[२२]ख) सञ्चालक समिति गठन गर्दा क्याम्पस सभाले पदेन सदस्यहरुबाहेक अध्यक्षसहित ११ (एघार) सदस्यहरु सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट छनोट गर्नेछ । एघार सदस्यहरुमध्ये १ (एक) शिक्षा प्रेमी, १ (एक) महिला, १ (एक) अभिभावक, १ (एक) चन्दादाता आरक्षित रहनेछ र ७ (सात) सदस्य खुला हुनेछ । क्याम्पस प्रमुख सञ्चालक समितिको सदस्य सचिव भई काम गर्नेछन् । उपाध्यक्ष सञ्चालक समितिको वैठकबाट चयन हुनेछ । सञ्चालक समितिको अध्यक्ष र उपाध्यक्ष क्याम्पसमा कार्यरतबाट प्रतिनिधित्व गर्ने सदस्यहरुबाट हुने छैन ।

[२३]ग) सञ्चालक समितिमा देहाय बमोजिमका पंदाधिकारीहरु पदेन सदस्यको रुपमा रहनेछनः

१) जीतपुरसिमरा उपमहानगरपीलका नगर प्रमुख वा तोकिएको प्रतिनिधि-१

२) त्रिभुवन विश्वविद्यालय प्रतिनिधि-१

३) क्याम्पस सेवा क्षेत्र अर्न्तगतका निर्वाचित वडा अध्यक्षहरु-४

क) वडा नं. १५

ख) वडा नं. १४

---

[१८] राज्यको पूनरसंरचनाको कारण - छैठौं संशोधनद्वारा संशोधित

[१९] क्याम्पसको स्थानीय आवश्यक्ता अनुसार - छैठौं संशोधनद्वारा संशोधित

[२०] आवश्यकता र क्याम्पस सभामा पर्याप्त र गुणात्मक प्रतिनिधित्वको सुनिश्चितताको लागि-चौथो संशोधनद्वारा संसोधित ।

[२१] क्याम्पसको स्थानिय आवश्यक्ता अनुसार - छैठौं संशोधनद्वारा संशोधित

[२२] क्याम्पसको आवश्यक्ता अनुसार - छैठौं संशोधनद्वारा संशोधित

[२३]

ग) वडा नं. १६

घ) वडा नं. १२

४) प्राध्यापक प्रतिनिधि-१

५) सदस्य सचिव - क्याम्पस प्रमुख

घ) क्याम्पस सञ्चालक समितिले अन्य व्यक्तिहरुलाई आवश्यकता र महत्वको आधारमा वैठकमा आमन्त्रित गरी सहभागी गराउन सक्नेछ ।

ङ) सञ्चालक समितिका सम्पूर्ण पदाधिकारी र सदस्यहरु अवैतनिक हुनेछन । तर कुनै खास विशेष कार्यक्रमका लागि र नियमित् हुने वैठकका लागि तोकिएबमोजिमको भत्ता प्रदान गर्न यस नियमले बाधा पुर्‍याएको मानिने छैन ।

च) क्याम्पसको अध्यक्ष हुनका लागि क्याम्पसमा अध्यापन हुने शैक्षिक योग्यता पुरा गरेको हुनुपर्नेछ ।

छ) सञ्चालक समितिका मनोनित र निर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ (तीन) वर्षको हुनेछ । कुनै पनि कारणले पदाधिकारीहरुको पद रिक्त भएमा सञ्चालक समितिले त्यस्ता पदहरु सभासदहरुमध्येबाट मनोनयन गरी आगामी क्याम्पस सभाको वैठकबाट सोको अनुमोदन गराउनुपर्नेछ । क्याम्पस सभाबाट अनुमोदन हुन नसकेमा सोही सभाले रिक्त पदपूर्तिको निर्णय गर्नुपर्नेछ । निजहरुको अवधि क्याम्पस सञ्चालक समितिको बांकी अवधिसम्म कायम रहनेछ ।

ज) कुनै पनि व्यक्ति क्याम्पस सञ्चालक समितिको अध्यक्ष दुई कार्यकालभन्दा बढी बस्न पाइने छैन ।

झ) माथिका उप दफाहरुमा जेसुकै कुरा लेखिएको भए पनि विश्वविद्यालयका ऐन नियमसंग बाझिन गएमा विश्वविद्यालय र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

ञ) क्याम्पस सञ्चालक समितिमा निर्वाचित अध्यक्ष, उपाध्यक्ष, मनोनित र पदेन सदस्यले क्याम्पस सभा वा सञ्चालक समितिमा अनुसूचि २ मा उल्लेख भएवमोजिमको बेहोराको शपथ लिनुपर्नेछ ।

ट) क्याम्पस सञ्चालक समितिमा निर्वाचित अध्यक्ष, उपाध्यक्ष, मनोनित र पदेन सदस्यलाई नियुक्त भएको बेहोराको प्रमाणपत्र दिनुपर्नेछ ।

ठ) क्याम्पस सभा सम्पन्न भई वा नभई कुनै कारणले नयां सञ्चालक समिति निर्वाचित नभएको अवस्थामा मुनासिव कारण खोली विद्यमान सञ्चालक समितिले नै क्याम्पसको नियमित कामकाज अघि बढाउनेछ ।

## ११) सञ्चालक समितिको वैठक

क) सञ्चालक समितिको वैठक सामान्यतया: प्रत्येक ३ (तीन) महिनामा बस्नेछ तर विशेष परिस्थिति पर्न गएमा वा सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्य संख्याले लिखित रुपमा मांग गरेमा क्याम्पस सञ्चालक समितिको अध्यक्षले कुनै पनि समयमा सभाको विशेष वैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिनु पर्नेछ ।

ख) सञ्चालक समितिको वैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

ग) सञ्चालक समितिको सम्पूर्ण सदस्यको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिनेछ । उपस्थित सदस्य संख्याको बहुमतबाट प्रस्तावहरु पारीत हुनेछन ।

घ) सञ्चालक समितिको वैठकको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## १२) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:**

क) क्याम्पसको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी क्याम्पस सभामा पेश गर्ने ।

ख) क्याम्पसको लागि वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी क्याम्पस सभा समक्ष पेश गर्ने ।

ग) क्याम्पसको लागि आवश्यक पर्ने नियम तर्जुमा गरी स्वीकृतिका लागि क्याम्पस सभा समक्ष पेश गर्ने, त्यसै गरी स्वीकृत नियमावली संशोधन र परिमार्जनका लागि सभामा पेश गर्ने ।

घ) क्याम्पसका कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिने ।

ङ) क्याम्पस सेवा समितिबाट सिफारिश भई आएका शिक्षक कर्मचारीको नियुक्ति र बढुवा गर्ने ।

च) आवश्यकता अनुसार समिति र उपसमितिहरु गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

छ) क्याम्पसको मासिक शुल्क र अन्य शुल्कहरु निर्धारण गर्ने ।

ज) क्याम्पसको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउने ।

झ) क्याम्पस सञ्चालन गर्न आवश्यक निर्णयहरु गर्ने ।

ञ) क्याम्पस सभाको निर्देशन वमोजिम प्रचलित नियमानुसार क्याम्पसको चल, अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने वा कुनै सम्झौता करार वा ठेक्का पट्टा गरी लिने दिने ।

ट) क्याम्पसको संगठनात्मक स्वरुप तथा शिक्षक एवम् कर्मचारीको दरबन्दी सम्वन्धी ढांचालाई कार्यान्वयन समितिको सिफारिशसमेतका आधारमा समयानुकुल अद्यावधिक गरी अनुमोदनका लागि क्याम्पस सभामा पेश गर्ने ।

ठ) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको नियुक्ति गर्ने ।

ड) विभागीय प्रमुख र कार्यक्रम संयोजकहरु तथा अन्य पदाधिकारीहरुको नियुक्ति गर्ने ।

ढ) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुख, कार्यक्रम संयोजकको राजीनामा स्वीकृत गर्ने ।

ण) विधान/ नियमावलीमा तोकिए अनुसार क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुख, कार्यक्रम संयोजकहरुलाई पुरस्कार तथा सजायं तोक्ने ।

त) कार्यान्वयन समितिको सिफारिसमा शिक्षक तथा कर्मचारीहरुको बढुवा र जिम्मेवारी तोक्ने ।

थ) आन्तरिक तथा अन्तिम लेखापरीक्षक नियुक्ति गर्ने ।

द) शिक्षक कर्मचारीको वृत्ति विकासका लागि आवश्यक निर्णय लिने ।

ध) शिक्षक तथा कर्मचारीको अध्ययन बिदा, असाधारण बिदा र काज बिदा स्वीकृत गर्ने ।

न) शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा सम्वन्धी उजुरी सुन्ने र आवश्यक निर्णय दिने ।

प) यस विधान तथा विधान अन्तर्गतका नियमावलीमा क्याम्पस सञ्चालक समितिले गर्ने भनी तोकिएका कामहरु गर्ने ।

फ) आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन क्याम्पस सभामा पेश गर्ने ।

ब) क्याम्पसको हितका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

भ) क्याम्पस सेवा समितिको गठन र सो समितिको अवधि तोक्ने ।

[२४]१३) **सल्लाहकार समिति र यसको गठन**

क्याम्पस सभाद्वारा स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको सन्दर्भमा सञ्चालक समितिलाई विभिन्न विधा र क्षेत्रगत रुपमा सल्लाह तथा परामर्शको लागि क्याम्पस सञ्चालक समितिले क्याम्पस सभाका सदस्यहरुमध्येबाट वा आवश्यक ठाने सो भन्दा बाहिरबाट समेत प्रतिनिधित्व हुने गरी बढीमा ९ (नौं) सदस्य भएको एक सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

१४) **सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार**

क) सभाको मार्गदर्शन तथा निर्देशन अन्तर्गत रही क्याम्पस सञ्चालक समितिलाई प्राज्ञिक रुपमा समयसापेक्ष र प्रभावकारी नीति, कार्यक्रमहरु तर्जुमा गर्ने कार्यमा आवश्यक सहयोग गर्ने ।

---

[२४] विस्तारको आवश्यकता मुताबिक आएकोले ... तीसौं संशोधनद्वारा संशोधित

ख) सल्लाहकार समितिबाट भए गरेका काम कारवाही सम्वन्धी वार्षिक प्रतिवेदन क्याम्पस सभा समक्ष पेश गर्ने ।

१५) **क्याम्पस सेवा समिति**

क) क्याम्पसको स्वीकृत दरबन्दी अन्तर्गत शिक्षक तथा कर्मचारीको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्न देहायका सदस्यहरु रहेको एउटा क्याम्पस सेवा समितिको गठन हुनेछ:

१) सञ्चालक समितिले तोकेको व्यक्ति १ जना - संयोजक
२) क्याम्पस प्रमुख - सदस्य सचिव
३) सञ्चालक समितिबाट मनोनित सम्वन्धित विषयका विज्ञ १ जना - सदस्य
४) सम्वन्धित विभागको विभागीय प्रमुख - सदस्य
५) सञ्चालक समितिबाट मनोनित १ जना - सदस्य

ख) यो समिति क्याम्पसको अस्थायी समिति हुनेछ ।

ग) कर्मचारीहरुको नियुक्ति तथा बढुवाका लागि सम्वन्धित विभागको विभागीय प्रमुख उक्त समितिमा रहने छैनन ।

घ) शिक्षक कर्मचारीको नियुक्ति र बढुवा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए अनुसार हुनेछ ।

१६) **क्याम्पस सेवा समितिको काम, कर्तव्य र अधिकार**

**क्याम्पस सेवा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिको हुनेछ:**

क) क्याम्पस सेवामा शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवाका लागि पाठ्यक्रम र परीक्षाको किसिम तोक्ने र परीक्षा सञ्चालन गर्ने ।

ख) तोकिएको प्रकिया बमोजिम शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्ति तथा बढुवाको लागि सञ्चालक समितिमा सिफारिश गर्ने ।

ग) शिक्षक कर्मचारीको नियुक्ति प्रकिया, योग्यता आदिको व्यवस्था नियमावलीमा तोकिएअनुसार हुने ।

घ) सेवा समितिले गरेका काम कारवाहीहरु अनुमोदनका लागि क्याम्पस सञ्चालक समितिमा पेश गर्ने ।

ङ) क्याम्पसको हितमा आवश्यक अन्य कामहरु गर्ने ।

च) क्याम्पसको सेवा नियमावलीमा व्यवस्था भए वमोजिमका कामहरु गर्ने ।

१७) **प्राज्ञिक समिति**

क) क्याम्पसको प्राज्ञिक निकायको रुपमा काम गर्न देहाय बमोजिम प्राज्ञिक समिति हुनेछ:

१) क्याम्पस प्रमुख - अध्यक्ष
२) सहायक क्याम्पस प्रमुख (प्रशासनिक) - सदस्य
३) विभागीय प्रमुखहरु - सदस्य
४) कार्यक्रम संयोजकहरु - सदस्य
५) प्राध्यापक प्रतिनिधि १ जना - सदस्य
६) अनुशासन तथा अतिरिक्त कियाकलाप प्रमुख - सदस्य
७) सहायक क्याम्पस प्रमुख (शैक्षिक) - सदस्य सचिव

ख) प्राज्ञिक समिति क्याम्पसको स्थायी समिति हुनेछ ।

१८) **प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकार**

प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) क्याम्पसको शैक्षिक क्यालेण्डर बनाउने ।

ख) पठन-पाठनको वार्षिक योजना निर्धारण गर्ने ।

ग) शैक्षिक कियाकलापको विकासका लागि कार्यक्रम तर्जुमा गर्ने ।

घ) अध्ययन अनुसन्धान कार्यका लागि कार्यक्रम बनाउने ।

ङ) क्याम्पसका शिक्षक कर्मचारीहरुलाई अध्ययन, अनुसन्धानमा संलग्न गराउनका लागि सञ्चालक समितिमा सिफारिश गर्ने ।

च) क्याम्पसमा थप शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा तत्सम्वन्धी अध्ययन प्रतिवेदन तयार गरी क्याम्पस प्रमुखमार्फत सञ्चालक समितिमा पठाउने ।

छ) शैक्षिक गुणस्तर सुधार गर्नका लागि उपयुक्त योजना बनाउने र कार्यान्वयनका लागि सञ्चालक समितिमा पेश गर्ने ।

ज) शिक्षक कर्मचारीहरुको वृत्ति विकाससंग सम्वन्धित अध्ययन अनुसन्धान तथा तालीम कार्यक्रमहरु तयार गरी कार्यान्वयनका लागि सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने ।

झ) अन्य आवश्यक कार्यहरु गर्ने ।

## १९) कार्यान्वयन उपसमिति

[२५]क) क्याम्पसको शैक्षिक, प्रशासनिक लगायत सम्पूर्ण कार्यको सम्पादन गर्ने-गराउने संयन्त्रको रुपमा क्याम्पसमा निम्न बमोजिमको कार्यान्वयन उपसमिति रहनेछः

| | |
|---|---|
| १) क्याम्पस प्रमुख | - अध्यक्ष |
| २) सहायक क्याम्पस प्रमुख (शैक्षिक) | - सदस्य |
| ३) कार्यक्रम संयोजकहरु | - सदस्य |
| ४) संकाय प्रमुखहरु (शिक्षा/मानविकी/व्यवस्थापन) | - सदस्य |
| ५) विभागीय प्रमुखहरु (नेपाली/अंग्रेजी) | - सदस्य |
| ६) अतिरिक्त क्रियाकलाप (ECA) प्रमुख | - सदस्य |
| ७) अनुसन्धान समिति संयोजक | - सदस्य |
| ८) प्रशासन प्रमुख | - सदस्य |
| ९) शाखा प्रमुखहरु (प्रशासन/लेखा/परीक्षा) | - सदस्य |
| १०) सहायक क्याम्पस प्रमुख (प्रशासनीक) | - सदस्य सचिव |

ख) यो समिति क्याम्पसको स्थायी समिति हुनेछ ।

## २०) कार्यान्वयन उपसमितिको काम, कर्तव्य र अधिकार

क) सञ्चालक समितिका निर्णयहरु कार्यान्वयन गर्ने र गराउने ।

ख) क्याम्पसको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन अन्य प्रतिवेदन र प्रस्तावहरु तयार गरी अनुमोदन वा स्वीकृतिको लागि सञ्चालक समितिमा पेश गर्ने ।

ग) क्याम्पसको चल अचल सम्पत्तिको संरक्षण र रेखदेख गर्ने ।

घ) क्याम्पसलाई प्रदान गरिएको आर्थिक र अन्य सहयोग स्वीकार गर्ने ।

ङ) आवश्यक नियमहरु बनाई स्वीकृतिका लागि क्याम्पस सञ्चालक समितिमा पेश गर्ने र स्वीकृत भएपछि लागु गर्ने ।

च) शैक्षिक गुणस्तर सुधारका लागि प्राज्ञिक समितिले गरेको सिफारिस कार्यान्वयन गर्ने गराउने ।

छ) यस विधानको उद्देश्य कार्यान्वयन गर्ने सिलसिलामा आन्तरिक कार्य व्यवस्थित गर्न विधानमा नखुलेका विषयमा विधानको प्रतिकुल नहुने गरी आदेश जारी गर्ने तर त्यस्तो आदेश त्यसपछि

---

[२५] काममा थप प्रभावकारीता बनाउनको लागि-पाँचौ संशोधनद्वारा संसोधित ।

गरेको सञ्चालक समितिको पहिली बैठकमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ । स्वीकृत नभएमा स्वतः बदर हुनेछ ।

ज) शिक्षक तथा कर्मचारीहरुलाई नियमावली अनुरुप पुरस्कार तथा सजाय गर्न आवश्यक भएमा सञ्चालक समितिमा सिफारिश गर्ने ।

झ) विभागीय प्रमुख, कार्यक्रम संयोजकहरु र अनुशासन तथा अतिरिक्त कियाकलाप प्रमुखको नियुक्तिका लागि सञ्चालक समितिमा सिफारिश गर्ने ।

ञ) शिक्षक तथा कर्मचारीहरुको थप दरबन्दी आवश्यक परेमा सो को विश्लेषण समेत गरी दरबन्दी सिर्जना गर्न क्याम्पस सञ्चालक समितिमा सिफारिश गर्ने ।

ट) अनुशासनहीन विद्यार्थीहरुलाई आवश्यक कारवाही गर्ने ।

ठ) अस्थायी, करार, आंशिक दरबन्दी, कोर्स कन्ट्याक्ट शिक्षक एवम् कर्मचारीको नियुक्ति तथा म्याद थप गर्ने साथै यिनीहरुको नियुक्ति समर्थनका लागि क्याम्पस सञ्चालक समितिको बैठकमा पेश गर्ने

ड) शिक्षक तथा कर्मचारीहरुलाई नियमावली अनुरुप सेवा सुविधा प्रदान गर्न सञ्चालक समितिलाई सिफारिश गर्ने ।

ण) क्याम्पसको हितमा आवश्यक अन्य कामहरु गर्ने ।

## परिच्छेद- ४

### क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

२१) **अध्यक्षको काम, कर्तव्य र अधिकार**

**अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) सञ्चालक समितिको प्रमुखको रुपमा कार्य गर्ने ।

ख) क्याम्पस सञ्चालक समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) क्याम्पसद्वारा आयोजित सभा समारोहको अध्यक्षता गर्ने ।

घ) क्याम्पससंग सम्वन्धित जुनसुकै विषयमा निरीक्षण गर्न र निर्देशन दिन सक्ने ।

ङ) क्याम्पस प्रमुखको बिदा तथा काज स्वीकृत गर्ने ।

च) सञ्चालक समितिको बैठक वा बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

छ) कुनै विषयमा निर्णय गर्नु पर्दा मत बराबर भएमा निर्णायक मत दिने ।

ज) क्याम्पस सभा तथा सञ्चालक समितिको निर्णय तथा निर्देशन कार्यन्वयन गर्ने गराउने ।

झ) क्याम्पस सेवा समिति, प्राज्ञिक समिति र कार्यान्वयन उपसमितिद्वारा प्रस्तुत सिफारिशहरु अध्ययन गर्ने ।

ञ) सञ्चालक समिति र क्याम्पस सभामा प्रस्तुत गर्ने एजेण्डाहरुवारे सदस्यसचिवलाई परामर्श दिने ।

२२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्षको अनुपस्थितमा क्याम्पसद्वारा आयोजित सभा समारोहको अध्यक्षता गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम कारवाही गर्ने ।

**२२.१ संचालक सदस्यहरुको काम, कर्तव्य र अधिकार**

क) बैठकमा भाग लिई विषय वस्तुमा छलफल गर्ने ।

ख) निर्णय भएका विषयवस्तुहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने

ग) क्याम्पसको हकहितको पक्षमा उभिने

घ) अध्यक्षलाई क्याम्पसको प्रगतिको पक्षमा सहयोग गर्ने ।
ङ) आवश्यक्ताअनुसार विभिन्न समिति/उपसमितिमा बसेर कार्य सम्पादन गर्ने ।
च) तोकिएका अन्य कार्यहरु गर्ने ।

२३) **सदस्यको लागि योग्यता**

क्याम्पस सभा तथा सञ्चालक समितिको सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः

क) नेपालको नागरिकता प्राप्त गरेको ।
ख) पदेन सदस्य बाहेकका अन्यका लागि २१ वर्ष उमेर पुरा भएको ।
ग) नैतिक पतन देखिने हुने कुनै फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार ठहरी सजायं नपाएको वा पाएको भए सजायं भुक्तान भएको कम्तीमा ५ (पांच) वर्ष पुगेको ।
घ) शैक्षिक क्षेत्रको विकास तथा क्याम्पसको हितका लागि समर्पित भावना भएको ।

२४) **सदस्यको खारेजी**

**देहायको अवस्थामा क्याम्पस सभा तथा क्याम्पस सञ्चालक समितिका सदस्यको पदरिक्त हुनेछ**

क) सम्वन्धित सदस्यले राजीनामा दिएमा,
ख) मृत्यू भएमा,
ग) मानसिक असन्तुलन वा पागल भएमा,
घ) नैतिक पतन हुने अपराधमा संलग्न भएको प्रमाणित भएमा,
ङ) लगातार तीन पटकसम्म पूर्व सूचना नगरी वैठकमा अनुपस्थित रहेमा र
च) क्याम्पसका हित विपरितका कार्यहरुमा सक्रिय रहेको प्रमाणित भएमा ।

२५) **क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरु**

क) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख क्याम्पसमा पुरा समय काम गर्ने पदाधिकारी हुनेछन ।
ख) क्याम्पसको प्राज्ञिक तथा प्रशासनिक कार्य सञ्चालन गर्न १ (एक) जना क्याम्पस प्रमुख र क्रमशः सहायक क्याम्पस प्रमुख (शैक्षिक) र सहायक क्याम्पस प्रमुख (प्रशासनिक) गरी २ (दुई) जना सहायक क्याम्पस प्रमुखहरु रहनेछन ।
ग) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको नियुक्ति देहाय वमोजिम हुनेछः-
१) क्याम्पस प्रमुखको नियुक्ति सञ्चालक समितिले गर्नेछ र सहायक क्याम्पस प्रमुखको नियुक्ति क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।
२) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको नियुक्ति गर्दा प्राज्ञिक क्षमता, जेष्ठता र प्रशासनिक दक्षतालाई मुख्य आधार बनाइनेछ ।
घ) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको पदावधि ५ (पांच) वर्षको हुनेछ ।
ङ) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख हुन देहाय बमोजिमको न्यूनतम योग्यता हुनुपर्नेछ ।
१) क्याम्पस प्रमुखका लागि क्याम्पसमा कम्तीमा ५ (पांच) वर्ष शिक्षक भई कार्य गरिसकेको र सहायक क्याम्पस प्रमुखका लागि क्याम्पसमा कम्तीमा ३ (तीन) वर्ष शिक्षक भई कार्य गरिसकेको ।
२) नियुक्तिको समयमा कम्तीमा उप-प्राध्यापक पदमा कार्यरत रहेको ।
३) माथिको उपदफा १ र २ मा जेसुकै लेखिएको भएतापनि आवश्यक्ता परेको खण्डमा योग्य, विश्वविद्यालय स्तरीय प्राध्यापन पेशामा अनुभवी र उच्च शिक्षाको विकासमा यथेष्ट योगदान दिएको स्थानीय व्यक्तिलाई सञ्चालक समितिले क्याम्पस प्रमुखमा नियुक्त गर्न सक्नेछ ।

च) क्याम्पस प्रमुख क्याम्पस सञ्चालक समितिप्रति र सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुखप्रति जिम्मेवार हुनेछन ।

छ) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको कार्यकाल बढीमा २ (दुई) पटक हुनेछ । तर मुनासिव कारण खोली पुन: १ (एक) कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछ ।

## २७) क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार

**क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:**

क) क्याम्पस सभा र सञ्चालक समितिको सदस्य सचिव भई काम गर्ने ।

ख) क्याम्पस सेवा समितिको सदस्य सचिव, प्राज्ञिक समिति र कार्यान्वयन समितिको अध्यक्ष भई काम गर्ने ।

ग) अध्यक्षको निर्देशन बमोजिम क्याम्पस सभा र क्याम्पस सञ्चालक समितिको वैठक बोलाउने ।

घ) सहायक क्याम्पस प्रमुख (शैक्षिक), विभागीय प्रमुखहरु र कार्यक्रम संयोजकहरुमार्फत क्याम्पसको शैक्षिक क्षेत्रको सम्पूर्ण कार्यको जिम्मेवारी बहन गर्ने गराउने ।

ङ) सहायक क्याम्पस प्रमुख (प्रशासन) कार्यक्रम संयोजकहरु र अन्य प्रशासनिक शाखा प्रमुखहरुमार्फत क्याम्पसको प्रशासनसम्बन्धी सबै कार्यको जिम्मेवारी बहन गर्ने गराउने ।

च) प्राज्ञिक समिति र कार्यान्वयन समितिका सदस्य सचिवलाई उक्त समितिहरुको वैठक बोलाउन लागाउने र त्यस्ता वैठकहरुको अध्यक्षता गर्ने ।

छ) वार्षिक बजेट तथा कार्यक्रम बनाउन लगाउने र सञ्चालक समितिको वैठकमा पेश गर्ने ।

ज) विधान र नियमावलीहरुमा व्यवस्था गरिए अनुसार आन्तरिक लेखापरीक्षणमा सहयोग गर्ने तथा अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

झ) क्याम्पसको सम्पूर्ण सम्पत्तिको अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने ।

ञ) क्याम्पसका लागि आवश्यक सर सामान, नियमावलीमा व्यवस्था गरिए अनुसार खरिद गर्ने वा खरिद गर्न लगाउने ।

ट) क्याम्पसका तर्फबाट गर्नुपर्ने कार्यका लागि क्याम्पसको प्रतिनिधि भई हस्ताक्षर गर्ने वा गर्न लगाउने।

ठ) क्याम्पसको पदाधिकारी र शिक्षक कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड गर्ने कार्यलाई कार्यान्वयन समितिबाट निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

ड) सञ्चालक समितिले दिएको निर्देशन पालना गर्ने, गर्न लगाउने ।

ढ) क्याम्पसको अल्पकालीन तथा दीर्घकालीन शैक्षिक विकासका योजनाहरु प्राज्ञिक समिति मार्फत र प्रशासनिक एवम् अल्पकालीन भौतिक निर्माणसंग सम्वन्धित योजनाहरु कार्यान्वयन समिति मार्फत स्वीकृतिका लागि सञ्चालक समितिमा पेश गर्ने ।

ण) सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुख, कार्यक्रम संयोजक लगायत शिक्षक तथा कर्मचारीहरुको नियमानुसार बिदा स्वीकृत गर्ने र काजमा खटाउने ।

त) सहायक क्याम्पस प्रमुख (शैक्षिक) लाई शिक्षकहरुको वैठक बोलाउन निर्देशन दिने र त्यस्तो वैठकको अध्यक्षता गर्ने ।

थ) सहायक क्याम्पस प्रमुख (प्रशासनिक) लाई कर्मचारीहरुको वैठक बोलाउन निर्देशन दिने र त्यस्तो वैठकको अध्यक्षता गर्ने ।

द) सहायक क्याम्पस प्रमुख (शैक्षिक) मार्फत कार्यक्रम संयोजकहरुलाई सम्वन्धित कार्यक्रमसंग सम्वन्धित शिक्षक कर्मचारीको वैठक बोलाउन लगाउने र त्यस्तो वैठकको अध्यक्षता गर्ने वा गर्न लगाउने ।

ध) पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन समितिबाट निर्णय गराई सोको लागि सञ्चालक समितिमा सिफारिश गर्ने ।

न) आवश्यकता अनुसार आंशिक (पिरियड) तथा ज्यालादारी शिक्षक एवम् कर्मचारी नियुक्ति गर्ने र म्याद थप गर्ने ।

प) कार्यरत अस्थायी, करार, आंशिक दरबन्दी शिक्षक कर्मचारीको कार्यान्वयन उपसमितिको बैठकबाट निर्णय गराई म्याद थप गर्ने ।

फ) कार्यान्वयन समितिमा नरहेका शिक्षक कर्मचारीलाई कारवाही गर्नु परेमा कार्यान्वयन समितिबाट निर्णय गराई सञ्चालक समितिमा पेश गर्ने तथा कार्यान्वयन समिति भित्रका पदाधिकारी वा शिक्षकलाई कारवाही गर्नु परेमा सोझै सञ्चालक समितिमा सिफारिश गर्ने ।

ब) आफ्नो अनुपस्थितिमा क्याम्पसको दैनिक कार्य सञ्चालन गर्न वरिष्ठ सहायक क्याम्पस प्रमुखलाई निमित्त क्याम्पस प्रमुख तोकी जिम्मेवारी दिने ।

भ) कर्मचारीहरुको आवश्यकता अनुसार आन्तरिक सरुवा गर्ने तथा थप जिम्मेवारी तोक्ने ।

म) विधान तथा नियमावलीमा व्यवस्था भए अनुसार क्याम्पसको सुव्यवस्था, सुसञ्चालन र प्रगतिका लागि आवश्यक अन्य सम्पूर्ण कार्य गर्ने र गर्न लगाउने ।

य) क्याम्पस सभा र क्याम्पस सञ्चालक समितिबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

२८) **सहायक क्याम्पस प्रमुख (शैक्षिक) को काम, कर्तव्य र अधिकार**

**सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) प्राज्ञिक समितिले तयार गरेको वार्षिक शैक्षिक कार्यक्रमलाई विभागीय प्रमुखहरु र कार्यक्रम संयोजकहरुमार्फत लागु गर्ने गराउने ।

ख) प्राज्ञिक समितिको सदस्य सचिव भई काम गर्ने ।

ग) क्याम्पस प्रमुखको निर्देशन बमोजिम प्राज्ञिक समितिको बैठक बोलाउने ।

घ) क्याम्पस प्रमुखको निर्देशन बमोजिम शिक्षकहरुको बैठक बोलाउने ।

ङ) क्याम्पस प्रमुखसंग परामर्श गरी कार्यक्रम संयोजकमार्फत उक्त कार्यक्रमसंग सम्बन्धित शिक्षक कर्मचारीको बैठक बोलाउने ।

च) क्याम्पस प्रमुखले दिएको निर्देशन पालना गर्ने र गर्न लगाउने ।

छ) शैक्षिक क्रियाकलापको विकासका लागि प्राज्ञिक समिति वा कार्यान्वयन उपसमितिबाट भएका निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने ।

ज) आन्तरिक र बाह्य परीक्षा प्रणालीमा सुधारका योजनाहरु कार्यानवयन गर्ने गराउने ।

झ) विभागीय प्रमुखहरुसंग सर सल्लाह गरी कक्षा अध्यापन तालिका (रुटिन) मिलाउने वा मिलाउन लगाउने र आवश्यक्ता अनुसार अतिरिक्त कक्षा (कोचिङ्ग क्लासको) व्यवस्था मिलाउने ।

ञ) अतिरिक्त कक्षाको विभागीय प्रमुखबाट सिफारिस लिई प्राप्त विवरणलाई प्रमाणित गर्ने ।

ट) कम्तीमा दैनिक दुई कक्षा (पिरियड) लिने ।

ठ) क्याम्पस सञ्चालनमा रहेका विभिन्न संकाय, तह र कार्यक्रमहरुको संकायगत, तहगत र कार्यक्रमगत लाभ लागत विश्लेषण गर्न लगाई विस्तृत विवरण सहित क्याम्पस प्रमुखमार्फत कार्यान्वयन समितिमा पेश गर्ने, गराउने ।

ड) क्याम्पस प्रमुखले प्रत्यायोजन गरेका अन्य अधिकार प्रयोग गर्ने ।

ढ) अन्य आवश्यक शैक्षिक सुधारका कार्य गर्ने, गर्न लगाउने ।

२९) **सहायक क्याम्पस प्रमुख (प्रशासन) को काम, कर्तव्य र अधिकार**

**सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) कार्यान्वयन समितिको सदस्य सचिव भई काम गर्ने र क्याम्पस प्रमुखको निर्देशन अनुसार सो समितिको बैठक बोलाउने ।

ख) क्याम्पस प्रमुखको निर्देशन वमोजिम कर्मचारीहरुको वैठक बोलाउने ।

ग) क्याम्पसको परीक्षा, अनुशासन तथा अतिरिक्त क्रियाकलाम, सामान्य प्रशासन, आर्थिक प्रशासन र पुस्तकालय शाखाका प्रमुखहरुमार्फत प्रशासन संयन्त्रलाई व्यवस्थित छिटो छरितो पार्न आवश्यक कार्य गर्ने वा गर्न लगाउने ।

घ) कार्यान्वयन समितिको वैठकमा कर्मचारीहरुको आन्तरिक सरुवाका लागि प्रस्ताव पेश गर्ने ।

ङ) तत्कालीन आवश्यकता पुरा गर्न क्याम्पस प्रमुखसंग परामर्श गरी एउटा शाखाको कर्मचारीलाई अर्को शाखामा काममा खटाउने ।

च) आवश्यकतानुसार कर्मचारीलाई अतिरिक्त समय काममा लगाउने ।

छ) क्याम्पसमा भौतिक विकास निर्माणको कार्यको रेखदेख गर्न लगाउने ।

ज) विद्यार्थीहरुमा अनुशासन कायम गर्न आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने तथा निरीक्षण गर्ने ।

झ) अनुशासनहीन विद्यार्थीहरुलाई कारवाही गर्न कार्यान्वयन समितिमा पठाउने ।

ञ) विद्यार्थीहरुको पीर मर्का बुझ्ने र समाधानका उपायहरु खोजी गर्ने, कार्यानवयन गर्ने, गराउने ।

ट) क्याम्पस प्रमुखले प्रत्यायोजन गरेका अन्य अधिकारहरु प्रयोग गर्ने ।

ठ) कम्तीमा दैनिक दुई कक्षा (पिरियड) लिने ।

ड) क्याम्पसको विकास र प्रशासनिक सुधारका लागि आवश्यक अन्य कामहरु गर्ने गराउने ।

३०) **विभागीय प्रमुख सम्वन्धी व्यवस्था**

क) क्याम्पसमा दैनिक शैक्षिक कार्य सञ्चालन गर्नको लागि एउटा विभागमा कम्तिमा १० (दश) जना शिक्षकहरु पर्ने गरी आवश्यकतानुसार विभागीय प्रमुखहरु रहनेछन ।

ख) विभागीय प्रमुखहरु क्याम्पसमा पुरा समय काम गर्ने पदाधिकारी हुनेछन ।

ग) विभागीय प्रमुखहरुको नियुक्ति कार्यान्वयन समितिको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।

घ) विभागीय प्रमुखको नियुक्तिका लागि सिफारिश गर्दा अनुभव तथा प्राज्ञिक क्षमतालाई मुख्य आधार बनाइनेछ ।

ङ) विभागीय प्रमुखको पदावधि ५ (पांच) वर्षको हुनेछ ।

च) विभागीय प्रमुखका लागि देहाय बमोजिमको न्युनतम योग्यता हुनुपर्नेछः-

१) क्याम्पसमा कम्तीमा दुई वर्ष स्थायी शिक्षक भई काम गरिसकेको ।

२) नियुक्तिको समयमा कम्तीमा उप-प्राध्यापक पदमा कार्यरत रहेको ।

छ) विभागीय प्रमुख सहायक क्याम्पस प्रमुख (शैक्षिक) प्रति उत्तरदायी हुनेछ ।

३१) **विभागीय प्रमुखहरुको काम, कर्तव्य र अधिकार**

विभागीय प्रमुखहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

क) आफुले जिम्मेवारी लिएको विभागलाई प्रभावकारी रुपमा अघि बढाउने ।

ख) सहायक क्याम्पस प्रमुख (शैक्षिक) प्रति जिम्मेवार भई काम गर्ने ।

ग) आफ्नो विभाग अन्तर्गत परेका समस्या समाधानका लागि आवश्यक पहल एवम् समन्वय गर्ने ।

घ) विभागतर्फ भए/ गरेका कामको विवरण चौमासिक रुपमा तयार गरी सहायक क्याम्पस प्रमुख (शैक्षिक) समक्ष पेश गर्ने ।

ङ) क्याम्पसको हितमा हुने अन्य आवश्यक कामहरु गर्ने ।

३२) **कार्यक्रम संयोजकहरु सम्वन्धी व्यवस्था**

क) क्याम्पसमा मूल समयवाहेक दिवा तथा रात्री समयमा सञ्चालित शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न ती कार्यक्रमको प्रमुख भई काम गर्न आवश्यकतानुसार कार्यक्रम संयोजकको व्यवस्था गरिनेछ ।

ख) कार्यक्रम संयोजक सम्वन्धित कार्यक्रम सञ्चालन हुने पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

ग) कार्यक्रम संयोजक नियुक्ति कार्यान्वयन उपसमितिको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।

घ) कार्यक्रम संयोजकको नियुक्ति गर्दा प्राज्ञिक क्षमता र प्रशासनिक दक्षतालाई मुख्य आधार बनाइनेछ ।

ङ) कार्यक्रम संयोजकको पदावधि बढीमा ५ (पांच) वर्षको हुनेछ ।

च) कार्यक्रम संयोजक सहायक क्याम्पस प्रमुख (शैक्षिक) जिम्मेवार हुनेछ ।

३३) **कार्यक्रम संयोजकहरुको काम, कर्तव्य र अधिकार**

कार्यक्रम संयोजकहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) आफूले जिम्मेवारी लिएको कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउने ।

ख) सहायक क्याम्पस प्रमुख (शैक्षिक) प्रति जिम्मेवार भई काम गर्ने ।

ग) आफ्नो कार्यक्रम अन्तर्गत परेका समस्या समाधानका लागि आवश्यक पहल एवम् समन्वय गर्ने ।

घ) कार्यक्रमतर्फ भए/ गरेका कामको विवरण चौमासिक रुपमा तयार गरी सहायक क्याम्पस प्रमुख (शैक्षिक) समक्ष पेश गर्ने ।

ङ) क्याम्पसको हितमा हुने अन्य आवश्यक कामहरु गर्ने ।

३४) **अनुशासन तथा अतिरिक्त क्रियाकलाप प्रमुख सम्वन्धी व्यवस्था**

क) क्याम्पसमा अनुशासन कायम गर्न र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न एक जना प्रमुखको व्यवस्था गरिनेछ ।

ख) प्रमुखको नियुक्ति कार्यान्वयन समितिको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।

ग) प्रमुखको नियुक्ति गर्दा शैक्षिक एवम् प्रशासनिक दक्षतालाई मुख्य आधार बनाइनेछ ।

घ) प्रमुखको पदावधि बढीमा ५ (पांच) वर्षको हुनेछ ।

ङ) प्रमुख पदमा नियुक्ति हुने व्यक्ति सम्भवभएसम्म क्याम्पसको पुर्णकालीन शिक्षक वा कर्मचारी हुनुपर्नेछ ।

च) प्रमुख क्याम्पस प्रमुखप्रति जिम्मेवार हुनेछ ।

छ) प्रमुखको मातहतमा आवश्यक उप-समितिहरु गठन गर्न सकिनेछ ।

३५) **अनुशासन तथा अतिरिक्त क्रियाकलाप प्रमुखको काम, कर्तव्य र अधिकार**

**अनुशासन तथा अतिरिक्त क्रियाकलाप प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

क) क्याम्पस हाताभित्र विद्यार्थीहरुको सम्पूर्ण गतिविधि निरिक्षण गर्ने र नकारात्मक गतिविधि हुन लागेको पाइएमा सोको नियन्त्रण गर्ने ।

ख) विद्यार्थीले आचारसंहिता विपरीत काम गरेको पाईएमा सम्झाउने बुझाउने र त्यसबाट पनि समस्या समाधान हुने नदेखिएमा कारवाहीका लागि सहायक क्याम्पस प्रमुख (प्रशासनिक) समक्ष सिफारिस गर्ने ।

ग) कक्षाहरु खाली रहेका बेला विद्यार्थीहरुलाई पुस्तकालय वा अतिरिक्त क्रियाकलापमा सहभागी गराउने

घ) क्याम्पसमा अतिरिक्त क्रियाकलापहरुलाई शैक्षिक क्यालेण्डर अनुसार सञ्चालनको व्यवस्था मिलाउने

ङ) क्याम्पसको हितमा आवश्यक अन्य कामहरु गर्ने ।

३६) **शिक्षकहरुको तह विभाजन**

क) क्याम्पसमा शिक्षकहरुको तह विभाजन निम्न अनुसार हुनेछ :

१) प्राध्यापक

२) सह-प्राध्यापक

३) उप- प्राध्यापक
४) शिक्षण सहायक
५) प्रशिक्षक
६) उप-प्रशिक्षक
७) आंशिक दरवन्दी
८) कोर्स कन्ट्रयाक्ट
९) आंशिक शिक्षक

ख) उपरोक्त पदहरु मध्ये प्राध्यापक, सह- प्राध्यापक, उप-प्राध्यापक, शिक्षण सहायक, प्रशिक्षक र उप-प्रशिक्षक पदमा स्थायी, अस्थायी वा करारमा नियुक्ति गर्न सकिनेछ । आंशिक दरवन्दी र कोर्स कन्ट्याक्टमा शिक्षक नियुक्ति गर्दा करारमा नियुक्ति गरिनेछ ।

ग) शिक्षकहरु विभागीय प्रमुख वा कार्यक्रम संयोजक तथा सहायक क्याम्पस प्रमुख (शैक्षिक) प्रति उत्तरदायी हुनेछन् ।

घ) शिक्षक तथा कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

३७) **शाखा तथा शाखा प्रमुख सम्वन्धी व्यवस्था**

क) क्याम्पसको प्रशासनिक कार्यलाई सशक्त र प्रभावकारी बनाउन क्याम्पसको प्रशासनिक संरचनालाई देहाय बमोजिम छ (६) शाखामा विभाजन गरिनेछ ।

१) शैक्षिक प्रशासन शाखा
२) आर्थिक प्रशासन शाखा
३) पुस्तकालय शाखा
४) परीक्षा शाखा
५) खरीद तथा भण्डार शाखा
६) अनुशासन तथा अतिरिक्त कियाकलाप शाखा

ख) प्रत्येक शाखामा १ (एक) जना प्रमुख र आवश्यकतानुसार अन्य कर्मचारीहरु रहनेछन ।

ग) शाखा प्रमुखको व्यवस्था कार्यान्वयन समितिले गर्नेछ ।

घ) शाखा प्रमुखहरु क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख (प्रशासन) प्रति उत्तरदायी हुनेछन ।

ङ) शाखा प्रमुखको योग्यता तथा काम, कर्तव्य र अधिकार निमावलीमा तोकिए अनुसार हुनेछ ।

च) आवश्यक कर्मचारी नभएको अवस्थामा शाखाहरु एकीकृत रुपमा रहने र एउटै कर्मचारीलाई एक भन्दा बढी शाखाको जिम्मेवारी दिन सकिनेछ ।

३८) **कर्मचारीहरुको तह विभाजन**

क) कर्मचारीहरुको तह विभाजन देहाय बमोजिम हुनेछ:

१) सह प्रशासक वा सो सरह
२) उप-प्रशासक वा सो सरह
३) सहायक प्रशासक वा सो सरह
४) हेड असिस्टेण्ट वा सो सरह
५) असिस्टेण्ट वा सो सरह
६) पियन वा सो सरह

ख) उपदफा (क) मा उल्लेख भए बमोजिमका तहमा कर्मचारीहरुको नियुक्ति गर्दा स्थायी, अस्थायी, करार र मासिक वा दैनिक ज्यालादारीमा गर्न सकिनेछ ।

ग) कर्मचारीहरु आफ्नो शाखाका प्रमुखप्रति जिम्मेवार हुनेछन ।

घ) कर्मचारीहरुको योग्यता, सेवा, शर्त तथा सुविधा र काम, कर्तव्य र अधिकारका लागि सेवा नियमावली तर्जुमा गरिनेछ र नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ५

## क्याम्पसको कोष, लेखापालन तथा लेखापरीक्षण

**३९) क्याम्पसको कोष, लेखापालन तथा लेखापरीक्षण सम्वन्धी व्यवस्था**

क) **क्याम्पसको एक कोष रहनेछ र यसमा देहायका रकमहरु हुनेछन:**

१) विद्यार्थीहरुबाट प्राप्त शुल्क ।

२) क्याम्पसले ऋण/ सांपटी लिएको रकम ।

३) विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त सहयोग रकम ।

४) दान दातव्य तथा चन्दा स्वरुप प्राप्त सहयोग रकम ।

५) स्थानीय निकाय तथा सहयोगी निकायबाट प्राप्त सहयोग रकम ।

६) अक्षय कोष, अन्य लगानी र बैंकबाट प्राप्त हुने व्याज रकम ।

७) अन्य कुनै पनि स्रोतबाट प्राप्त रकम ।

ख) क्याम्पस कोषको रकमको प्रयोग तोकिएको बैंकमा खाता खोली गरिनेछ ।

ग) क्याम्पस कोष खाताको सञ्चालन नियमावलीमा तोकिए अनुसार हुनेछ ।

**४०) लेखा र लेखापरीक्षण**

क) क्याम्पसमा आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

ख) आन्तरिक लेखापरीक्षण नियुक्ति र अन्तिम लेखापरीक्षण नियमावलीमा व्यवस्था भए अनुसार हुनेछ ।

ग) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्वन्धी व्यवस्था नियमावलीमा तोकिए अनुसार हुनेछ ।

**४१) आन्तरिक लेखापरीक्षण सम्वन्धी व्यवस्था**

क) क्याम्पसको आय-व्यय तथा लेखा प्रणालीलाई सु-व्यवस्थित र पारदर्शी बनाउन तथा नियन्त्रण गर्न एक आन्तरिक लेखापरीक्षण समिति रहनेछ । यस सम्वन्धी अन्य व्यवस्था नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

ख) आन्तरिक लेखापरीक्षण समितिमा एकजना संयोजक र दुई जना सदस्य रहनेछन ।

ग) संयोजकको नियुक्ति सञ्चालक समितिकै सदस्यहरुमध्येबाट सञ्चालक समितिले गर्नेछ र सदस्यमा सम्वन्धित विषयमा दक्षता हासिल गरेका प्राध्यापक प्रतिनिधि र कर्मचारी प्रतिनिधिहरु रहनेछन ।

**४२) आन्तरिक लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार**

क) आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्ने ।

ख) क्याम्पस सञ्चालनको कुनै पनि समयमा क्याम्पसको कार्यमा बाधा नपर्ने गरी लेखासंग सम्वन्धित कागजातहरु निरीक्षण गर्न सक्नेछ ।

ग) बिल भर्पाईहरुमा चित्त नबुझेमा वा शंका लागेमा जांचबुझ र रुजु गर्न सक्नेछ ।

घ) आर्थिक हिसाबको हिनामिना भएको फेला परेमा तत्काल प्रमाणसहित कारवाहीका लागि सञ्चालक समितिमा पेश गर्नेछ ।

ङ) आन्तरिक लेखापरीक्षण समितिको काममा हुने खर्च क्याम्पसले बेहोर्नेछ ।

## परिच्छेद- ६
## विविध

**४३) निर्वाचन सम्वन्धी व्यवस्था**

क) क्याम्पस सभाबाट सञ्चालक समिति निर्वाचन गर्नका लागि तपसिल बमोजिम निर्वाचन समिति सञ्चालक समितिले चयन गर्नेछ:

सञ्चालक समितिले तोकेको अनुभवी र क्षमतावान व्यक्ति- संयोजक

नेपाल बार एशोसिएशन बाराका सभापति वा तोकिएको व्यक्ति- सदस्य

क्याम्पस प्रमुख- सदस्य सचिव

ख) क्याम्पस प्रशासनले निर्वाचन समितिलाई आवश्यक सूचना, अभिलेख, मसलन्द, अर्थ र जनशक्ति उपलब्ध गराउनुपर्नेछ ।

ग) निर्वाचनका लागि आवश्यक सम्वन्धी कार्यविधि सञ्चालक समितिले पारीत गरी लागु गर्नेछ ।

घ) निर्वाचन प्रक्रिया अघि बढाउने सन्दर्भमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ । निर्वाचन समितिको कामकारवाहीका सन्दर्भमा क्याम्पससभाले छलफल गर्नेछ ।

ङ) निर्वाचन समितिको संयोजक, सदस्य र कर्मचारीको पारिश्रमिक वा भत्ता सञ्चालक समितिले तय गरेबमोजिम हुनेछ ।

**४४) आचारसंहिता सम्वन्धी व्यवस्था**

शिक्षक, कर्मचारी एवम् विद्यार्थीहरुले पालन गर्नुपर्ने आचारसंहिता नियमावलीमा तोकिएअनुसार हुनेछ ।

**४५) क्याम्पस समय सम्वन्धी व्यवस्था**

शिक्षक, कर्मचारीको क्याम्पस समय नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

**४६) अधिकार प्रत्यायोजन**

क्याम्पस सञ्चालक समितिका अध्यक्षले सञ्चालक समितिका उपाध्यक्ष वा सदस्यलाई एवम् क्याम्पस प्रमुखले उपप्रमुखलाई कुनै पनि कामको सन्दर्भमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**४७) काम कारवाही अवैध नमानिने**

क्याम्पसको कुनै पदाधिकारीको स्थान रिक्त भई वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटी भई काम कारवाही भएकोमा सो कामकारवाही क्याम्पसको हितको निमित्त नै भएको रहेछ भने त्यस्तो काम कारवाही अवैध मानिने छैन ।

**४८) असल नियतले काम गरेकोमा बचाऊ**

यो विधान तथा यस विधान बमोजिम निर्माण हुने नियमावलीहरु बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्वन्धमा क्याम्पस वा क्याम्पसको कुनै पदाधिकारी उपर कारवाही गरिने छैन ।

४९) **विधानको व्याख्या**

यस विधानको सामान्य व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ, तर विशेष कारण र परिस्थितिमा क्याम्पस सभाले गरेको व्याख्या अन्तिम हुनेछ ।

५०) **नियमावली, नीति, कार्यविधि तथा नियम बनाउने**

यस विधानका उद्देश्य र कार्यहरु पुरा गर्न क्याम्पसले आवश्यक नियमावली, नीति, कार्यविधि तथा नियमहरु बनाउन सक्नेछ ।

५१) **विधान संशोधन र प्रकिया**

क) यो विधान समयसापेक्ष रुपमा गतिशील हुनेछ र सोही अनुसार संशोधन तथा पुनर्लेखन गर्न सकिनेछ ।

ख) यस विधानमा उल्लेख भएका प्रावधानहरुमा केही संशोधन वा नयां प्रावधानहरु थप गर्नु परेमा सोसम्वन्धी प्रस्ताव क्याम्पस सभासमक्ष प्रस्तुत गरी सभाको दुई तिहाई बहुमतद्धारा स्वीकृत भएमा मात्र लागु हुनेछ, तर क्याम्पस सभाको वैठक तत्काल बस्न नसक्ने भएमा क्याम्पस सञ्चालक समितिले क्याम्पस सभाबाट अनुमोदन गराउने गरी दीर्घकालीन असर नपर्ने वा क्याम्पसको हित हुने विषयहरुमा सामान्य संशोधन गरी कार्यान्वयनमा ल्याउन यस विधानले बाधा पुर्‍याएको मानिनेछैन ।

५२) **खारेजी र बचाउ**

क) यस अघि बनेका सम्पूर्ण विधान, नियमावलीहरु यो विधान लागु भएपछि स्वतः खारेज हुनेछन ।

ख) प्रथम पटक गठित क्याम्पस सभामा विद्यमान सञ्चालक समितिका पदाधिकारीहरु स्वतः सभासद भएको मानिनेछ ।

ग) यस अघि नियुक्त पदाधिकारीहरु यो विधान लागु हुंदा यस विधानमा तोकिए अनुसारको कार्यकाल पुरा गरिसकेको भए उनीहरुको कार्यकाल समाप्त भएको मानिनेछ तर अर्को व्यवस्था नभएसम्मको लागि सञ्चालक समितिले निजहरुको पदावधि थप गर्न सक्नेछ र कार्यकाल समाप्त नभएकाहरुका हकमा यसै विधान बमोजिम हुनेछ ।

[२६]ग.१) यो डुमरवाना बहुमुखी क्याम्पस कारणवस विघटन हुन गएमा वा क्याम्पस संचालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चल अचल सम्पत्ति नेपाल सरकार वा यस क्याम्पसलाई सम्वन्धन दिने विश्वविद्यालयको स्वामित्वमा जानेछ ।

घ) यो विधान लागु हुंदाको बखत विद्यमान सञ्चालक समितिको कार्यकाल पुरानो विधान अनुरुप समाप्त नभएको भए वर्तमान सञ्चालक समितिलाई यसै विधान अनुरुप गठन भएको मानिनेछ ।

ङ) यो विधान प्रारम्भ हुंदाको बखतमा कायम रहेको क्याम्पसको लेनदेन, कारोवार, ऋणधन लगायत सम्पूर्ण दायित्व र अधिकार यो विधान बमोजिम भएको मानिनेछ ।

च) यस विधानमा नखुलेका कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछन ।

---

[२६] त्रि वि को आवश्यक्ता अनुसार - पाँचौ संशोधनद्वारा संशोधित

## अनुसूचि- १

### विधानको दफा ५ (ख) संग सम्वन्धित

### क्याम्पसको छाप

डुमरवाना बहुमुखी क्याम्पस

DUMARWANA MULTIPLE CAMPUS

DM

Estd. 2064

Dumarwana, Bara

DUMARWANA MULTIPLE CAMPUS

## अनुसूचि- २
## विधानको दफा १० (ञ) संग सम्वन्धित
### सपथ ग्रहण

म .................... यस क्याम्पसको सञ्चालक समितिको .................. पदमा निर्वाचित/ मनोनित/ पदेन सदस्य भएकोले मेरो वुद्धि, विवेक एवं क्षमताले भ्याएसम्म आफूले गर्नुपर्ने काम कर्तव्य नित्य रूपमा गोपनीयताका साथ पालना गर्नुका साथै क्याम्पसको हित एवम् विकासका लागि ईमान्दारीतापूर्वक, निष्ठापूर्वक एवम् पक्षपातरहित ढंगले कार्य गर्नेछु र निर्णय लिनेछु भनी क्याम्पस सभा/ सञ्चालक समितिको रोहवरमा सम्वन्धित अधिकारी समक्ष सत्य तथा निष्ठापूर्वक सपथ लिन्छु ।

............................
सपथ ग्रहण गर्नेको सही:
नाम र थर:
पद:
मिति:

................................
सपथ ग्रहण गराउनेको सही:
नाम र थर:
पद:
मिति:

## अनुसूचि- ३
## विधानको दफा १० (ट) संग सम्वन्धित
### प्रमाणपत्र

डुमरवाना बहुमुखी क्याम्पसको विधान २०६३ (परिमार्जन तथा पुनर्लेखन २०७१) को दफा ... बमोजिमको सञ्चालक समितिको अध्यक्ष/ सदस्य/ पदेन सदस्यमा नियुक्त हुनु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

क्याम्पसको गरिमामय क्याम्पससभाबाट .......... पदमा निर्वाचित र पदेन सदस्य हुनुभएकोमा हार्दिक बधाईसहित तपाईको कार्यकालको सफलताको कामना गर्दछु ।

मिति:

प्रमुख निर्वाचन अधिकृत: